ज मिति २०७७।०१।०८ गते निजगढ नगरपालिकाका प्रमुख तथा नगर कार्यपालिका अध्यक्ष श्री सुरेश खनाल ज्यूको अध्यक्षतामा निजगढ नगर कार्यपालिकाको ८२ औं बैठक देहाय बमोजिमका कारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

१. प्रमुख श्री सुरेश कुमार खनाल, निजगढ नगरपालिका
२. उप-प्रमुख श्री लिला देवी लामिछाने खनाल, निजगढ नगरपालिका
३. वडा अध्यक्ष- वडा नं १ श्री मंगले लोप्चन
४. वडा अध्यक्ष- वडा नं २ श्री केशव प्रसाद उपाध्याय ढोडारी
५. वडा अध्यक्ष- वडा नं ३ श्री जीत बहादुर तामाङ
६. वडा अध्यक्ष- वडा नं ४ श्री जयराम कुवँर
७. वडा अध्यक्ष- वडा नं ५ श्री थल प्रसाद गौतम
६. वडा अध्यक्ष- वडा नं ६ श्री कुश बहादुर थापा
७. वडा अध्यक्ष- वडा नं ७ श्री रामजी प्रसाद बजगाई
८. वडा अध्यक्ष- वडा नं ८ श्री टेक बहादुर लामा
९.वडा अध्यक्ष- वडा नं ९ श्री सुदर्शन प्रसाद बडाल
१०. वडा अध्यक्ष- वडा नं १० श्री पदम बहादुर मोक्तान
११. वडा अध्यक्ष- वडा नं ११ श्री प्रेम बहादुर रुम्बा
१२. वडा अध्यक्ष- वडा नं १२ श्री ज्ञान बहादुर गोले
१३. वडा अध्यक्ष- वडा नं १३ श्री सुर्य घलान
१४. नगर कार्यपालिका सदस्य श्री जगत कुमारी अधिकारी
१५. नगर कार्यपालिका सदस्य श्री निमादेवी विश्वकर्मा
१६. नगर कार्यपालिका सदस्य श्री मिनमाया लामा
१७. नगर कार्यपालिका सदस्य श्री राधा कुमारी पुलामी मगर
१८. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी गौतम
१९. नगर कार्यपालिका सदस्य श्री पदम बहादुर भुजेल
२०. नगर कार्यपालिका सदस्य श्री पवन विश्वकर्मा
२१. नगर कार्यपालिका सदस्य श्री सरिता राई दनुवार
२२. प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव श्री विशकसेन ढकाल

आमन्त्रित :

१) अधिकृत सातौं श्री पदमराज तिमल्सिना

२) अधिकृत छैटौं श्री रविन घिमिरे

प्रस्ताव तथा निर्णयहरु :

प्रस्ताव नं १) राहत वितरणमा छुट हुन पुगेका घरपरिवारलाई राहत वितरण गर्ने सम्बन्धमा ।

निर्णय नं १) नगरपालिकाको राहत वितरण मापदण्डमा पर्ने तर पहिलो चरणको नामावली संकलनमा छुट हुन पुगेका घरपरिवार संख्या वडा कार्यालयबाट मिति २०७७।०१।११ गते भित्र आइपुग्ने गरी वडा कार्यालयले सर्वदलीय राहत वितरण समन्वय समिति मार्फत संकलन गरी कार्यपालिकामा पेश गरी राहत वितरण गर्ने निर्णय गरियो । साथै सो अनुसार माग प्रक्षेपण गरी खरिद समिति मार्फत छुट हुन पुगेका परिवारलाई वितरण गर्न तथा मौज्दात भण्डारण गरी राख्ने प्रयोजनको लागि देहाय अनुसारको राहत सामग्री खरिद गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

क. सोना मन्सुली चामल ४२ टन
ख. मुसुरो दाल ४,२०० केजी
ग. सनफ्लावर खाने तेल २,१०० लिटर
घ. आयोनुन(दुई बालबालिका चिह्न) २,२०० केजी

प्रस्ताव नं २) Rapid Test Kit को व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णय नं २) कोरोना भाइरस कोभिड १९ को परिक्षण गर्नका लागि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार १,००० थान Rapid Test Kit खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३) असिनापानी र हावाहुरीको कारण क्षति पुगेका बालीनाली तथा घर संरचनाको मर्मतको लागि सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं ३) मिति २०७७।०१।०५ गते राती आएको हावाहुरी तथा असिनापानीको कारण क्षति पुगेका केरा, मकै, तरकारीको बालीको तथ्यांक वडा कार्यालय मार्फत संकलन गर्ने निर्णय गरियो । साथै घरको संरचना बिग्रेको, छाना उडाएको घरको तथ्यांक संकलन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो । संघ र प्रदेश नं २ को सरकारलाई असिनापानी र हावाहुरीको कारण क्षति पुगेका बालीनाली तथा घर संरचनाको मर्मतको लागि राहत उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४) निजगढ नगरपालिकाबाट अन्य शहर वा विदेशमा गएका व्यक्तिहरुको तथ्यांक संकलन गर्ने सम्बन्धमा ।

निर्णय नं ४) निजगढ नगरपालिकाबाट कुनै पेशा, व्यवसाय, रोजगारी र उच्च शिक्षा अध्ययनको सिलसिलामा देशभित्रका अन्य शहर वा विदेशमा गएका व्यक्ति, परिवारको तथ्यांक वडा कार्यालय मार्फत टोल विकास संस्था, सर्वदलीय समिति परिचालन गरी संकलन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५) जनप्रतिनीधिहरुलाई इन्धन सुविधा उपलब्ध गराउने सम्बन्धमा ।
निर्णय नं ५) कोभिड १९ को उपचार, रोकथाम, ~~नियन्त्रण~~, क्वारेन्टाइन स्थल व्यवस्थापन, राहत वितरण लगायतका कार्यमा खटिने वडा अध्यक्षलाई एकपटकको लागि एकमुष्ट १५(पन्ध्र) लिटर तथा कार्यपालिका सदस्यलाई एकपटकको लागि एकमुष्ट १०(दश) लिटर पेट्रोल उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं ६) स्वयंसेवक परिचालन गर्ने सम्बन्धमा ।
निर्णय नं ६) शंकास्पद बिरामी राखिएका क्वारेन्टाइन स्थलमा रातिको समयमा सुरक्षाको लागि दैनिक रु. ६००/-(प्रति व्यक्ति प्रति दिन) स्वास्थ्य सम्बन्धी आधारभुत प्रशिक्षण प्रदान गरी एक स्थानमा बढीमा २(दुई) जनासम्म दैनिक ज्यालादारीमा राख्ने निर्णय गरियो ।

प्रस्ताव नं ७) शहरी स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीको तलब व्यवस्थापन गर्ने सम्बन्धमा ।
निर्णय नं ७) शहरी स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुलाई सुपथ मुल्यमा औषधि पसल सञ्चालन शिर्षकबाट खर्च लेख्ने गरी रु.१०(दश) लाख खर्च लेख्ने निर्णय गरियो ।